नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

# कार्यक्रम कार्यान्वयन एकाइ, चितवन

### कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालनका लागि जानकारी

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, चितवनको चालु आ.व. ०८२।८३ को मिति २०८२/०४/०८ गते प्रकाशित स्वीकृत वार्षिक कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचनाको बुदा नं. ३७ को कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालनार्थ कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ (संशोधन भएमा २०८२ अनुसार हुने)** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/युवा/फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित मिति २०८२/०५/११ गते भित्र यस कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

तपसिल

| कार्यक्रमको नाम | लक्षित लाभग्राही | सञ्चालन हुने क्षेत्र | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | १८ देखि ५० वर्ष उमेर समूहभित्रका कृषक, कृषि उद्यमी, नीजि फार्म, र कृषक समूह तथा सहकारीमा आवद्ध कृषक/कृषि उद्यमी | चितवन तथा मकवानपुर जिल्लाभरि | • प्रति योजना बढीमा चार लाख रुपैंया सम्म।<br>• स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कुल लागतको बढीमा पचास प्रतिशत रकम अनुदान स्वरुप बढिमा दुई किस्तामा शोधभर्ना गरिने। |

### कार्यक्रम सञ्चालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु

१. तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण ।

२. बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण ।

३. दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात

४. च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण ।

५. मासुजन्य पदार्थको भण्डारण,प्रशोधन र बजारीकरण ।

६. अदुवा, बेसार लगायतका मसलाबालीको प्रशोधन तथा बजारीकरण।

७. मौरीपालन व्यवसाय र मह प्रशोधन ।

८. जौ, फापर, सिलाम, कोदो चिनो, कागुनो, लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण ।

९. प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण।

१०. बागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु-कल्चर प्रविधिबाट बीउ र बिरुवा उत्पादन गर्ने व्यवसाय ।

११. फलफूल प्रशोधन र बजारीकरण ।

१२. खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन ।

१३. ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन प्रशोधन र भण्डारण

१४. साना तथा मझौला खालका कोल्ड च्याम्बर स्थापना तथा सञ्चालन ।

१५. घाँसबाट हे (Hay), साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय ।

१६. अर्गानिक कृषि निर्यात ।

१७. व्यवसायिक पशुपन्छी तथा मत्स्य पालन उत्पादन र प्रशोधन ।

१८. जैविक विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारीकरण ।

महेश रेग्मी
वरिष्ठ कृषि अधिकृत

निवेदन साथ संलग्न कागजातहरु

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते बिवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।

(३) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।

(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।

(६) सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिश पत्र।

(७) निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

(८) स्थानीय तहको कृषि/पशु शाखाको सिफारीस-पत्र ।

पुनश्चः फार्म, कृषक समूह वा सहकारीमा आबद्ध नभएका १८–५० वर्ष उमेर समूहका नेपाली नागरिकले स्थायी लेखा नम्बर (PAN) र नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी निवेदन दिन सक्नेछन्।

विस्तृत जानकारीको लागि: सम्पर्क नं. ९८५५०७७९७०, ९८५५०३५४१८,, ९८५५०९२२२०, ९८५५०८२२०२, Email: pmamp.piu.chitwan@gmail.com